# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग २१ गते २०११ साल

## भाग २

## अर्थमन्त्रालयको सूचना

संख्या २७२ मिति ०११।८।१५।३

सरकारी कर्मचारीहरूलाई सरकारतर्फबाट भारतमा तालिम लिन पठाउँदा लुगाभत्ता दिनेबारेमा प्रकाशित भैरहेको ०११ साल ज्येष्ठ ४ गतेको गजेटमा यो यति टायमसम्म भारतमा बस्ने गरी खटिई गएकालाई यो यतिका दरले लुगा भत्ता दिने भन्ने नखुलेबाट थोरथोरै दिनको निमित्त खटिई जानेहरूमा र धेरै थोरै टायमको निमित्त खटिई जानेमा केही फरक नभैरहेको हुनाले सबैलाई एकै रूल गरी राख्नु मुनासीब नदेखिएकोले अबउप्रान्त भारतमा तालीम लिन ३ महिना वा ३ महिनाभन्दा कम अवधिको लागी खटिई जाने कर्मचारीहरूलाई देहायबमोजिम लुगा भत्ता दिने निर्णय भएको छ।



मुद्रण विभाग सिंहदरबार

९४१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) ग्याजेटेड अफिसरके भारतीय नोट रु. दुइशय ——— २००

(२) ननग्याजेटेड अफिसरके भा. नोट रु. एकशय पैसट्ठी —— १६५

(३) ना. सुब्बा र ष्टेनोग्राफरके भा. नोट रु एकशय पचास — १५०

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी— अर्थमन्त्रालय

---

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज, जोशी.

९४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार